राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे


The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३२२ | २०८३ साउन १९ गते मंगलवार | (Tuesday, 4 Aug., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### महोत्तरीका किसानको रोदन

# 'बाइढके ताण्डव स तवाह छी, खेतमे पाइनके जोगार नई !'



**गोपालप्रसाद बराल**

*बर्दिबास, साउन १८ गते ।*

आकाशमा बादल आउँछ । किसानको अनुहारमा आशा पलाउँछ । केही बेरमै बादल उडेर जान्छ, खेत फेरि सुक्खै हुन्छ । महोत्तरीका किसानका लागि पछिल्ला केही वर्षयता बर्खा यही आशा र निराशाको चक्र बनेको छ । विडम्बना, गाउँछेउमै रातु, ओक्सीजस्ता नदी बर्सेनि बाढीको ताण्डव मच्चाउँछन्, तर त्यही पानी धानका खेतसम्म पुऱ्याउने व्यवस्था भने आजसम्म बन्न सकेको छैन ।

'अखाड, साउनमें अरियाउछाल बारिस होयत छल,' भङ्गाहा-५ भूचक्रपुरका ७० वर्षीय किसान दीपनारायण चौधरी थारु विगत सम्झिदै भन्छन्, 'बर्खाक पाइन स धान रोपनी करै छली, आब पैछला कतेको साल स पाइनक अभावमे धान रोपनी कर नई पउने छी ।'

यस वर्ष पनि अवस्था उस्तै छ । आकाशे पानीले खेत हिल्याउन नसकेपछि किसान इनार र बोरिङको महँगो पानीमा भर परेका छन् ।

'इनार, बोरिङ स पाइन खिचक केहुना रोपनी कर परल, रोपल धानखेतमें ऐखनो पर्याप्त पाइन नई अई,' थारुकै छिमेकी अर्का ६० वर्षीय किसान रामजुलुम बाँतर भन्छन्, 'इ किसानी पेसा बड दुःखके अई ।'

साउनको तेस्रो सातासम्म आइपुग्दा महोत्तरीमा करिब ७५ प्रतिशत मात्रै धान रोपाइँ भएको छ । ४० हजार हेक्टर खेतीयोग्य क्षेत्रमध्ये झन्डै ३० हजार हेक्टरमा मात्र रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र महोत्तरीको तथ्याङ्क छ । रोपिएका अधिकांश खेतमा पनि मोटर र पम्पसेटबाट तानिएको पानीको भर छ । तर किसानको पीडा रोपाइँमै सीमित छैन ।

'देखियौ न, गामक सबदिस नदी सब अई, मुदा यी नदीसबक पाइन खेततक ऐवाक जोगार नई अई,' महोत्तरी गाउँपालिका-६ गोरीगमाका ६० बर्षीय किसान भोला महतो भन्छन्, 'बल्की अई नदीसबहक बाइढक ताण्डव स सालोसाल हमसब तवाह छी ।'

उनको भनाइमा, नदीले हरेक वर्ष खेत काट्छ, बाली बगाउँछ र बस्ती डुबाउँछ । तर सिँचाइका लागि त्यही नदीको पानी उपयोग गर्ने संरचना भने बनेको छैन । बाढी आउँदा विनाश, खडेरी पर्दा पानीको अभाव–किसानले वर्षौंदेखि यही दोहोरो पीडा भोगिरहेका छन् ।

जिल्लामा कुलो/नहरको पानीको पहुँच १० प्रतिशत जग्गामा मात्र छ । त्यो पनि यसपालि हिउँदे वर्षा नहुँदा पानीका स्रोतका मुहान ढिलो रसाउँदा समयमै धान रोप्न नपाइएको बर्दिबास-३ कालापानीका किसान वालकिशोर रायमाझी बताउँछन् । कुलो/ नहरका अतिरिक्त भूमिगत जलस्रोत (इनार, बोरिङ्ग) समेतबाट लगभग २० हजार हेक्टरमा जसोतसो सिँचाइ सुविधा पुगेको सरकारी तथ्याङ्क छ । तर यी स्रोतमा पनि हिउँदे खडेरीको असरले मुहान सुकेर असार मध्यतिरको वर्षापछिमात्र पानी चल्दा यहाँको धान रोपाइँ निकै पछि परेको

- बाँकी पृष्ठ ३ मा

## वनका हाकिमविरुद्ध भ्रष्टाचार मुद्दा

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन १८ गते ।*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिरहाको सब-डिभिजन वन कार्यालय बन्दीपुरका कार्यालय प्रमुख रामकेवल राय यादवविरुद्ध घुस लिएको आरोपमा विशेष अदालत, काठमाडौँमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार काष्ठ उद्योगका लागि ल्याइएको काठ सिलबन्दीअनुसार भए/नभएको रुजु गरी आवश्यक कागजातसहित फाइल फिर्ता गर्ने प्रक्रियामा सेवाग्राहीलाई अनावश्यक दुःख हैरानी दिँदै घुस मागिएको भन्ने उजुरीपछि अनुसन्धान अघि बढाइएको थियो । आयोगको बर्दिवास कार्यालयबाट खटिएको टोलीले यादवलाई सेवाग्राहीबाट १२ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो । अनुसन्धानका क्रममा उद्योगमा ल्याइएका काठ बोकेका ट्रकहरूको सिल खोलेको मुचुल्का तयार गरिदिएबापत विभिन्न बहाना बनाएर सेवाग्राहीसँग रकम बार्गेनिङ गरी १२ हजार रुपैयाँ घुस लिएको पुष्टि भएको अख्तियारको दाबी छ ।

अख्तियारले यादवको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुर भएको निष्कर्ष निकाल्दै १२ हजार रुपैयाँ बिगो कायम गरी सोही बराबर जरिवाना र कानुनबमोजिम कैद सजायको मागसहित सोमबार विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरेको जनाएको छ ।

## मधुश्रावणी पर्व सुरू



**भूमिका उपाध्याय**

*बर्दिबास, साउन १८ गते ।*

मधेशको प्राचीन मिथिला क्षेत्रका नवविवाहिता मिथिलानी (मिथिलाका नारी) ले पारम्परिक पर्व मधुश्रावणी सुरु गरेका छन् ।

साउन कृष्ण पञ्चमीदेखि साउन शुक्ल त्रितीयासम्म सुमधुर वैवाहिक सम्बन्धको कामनाका साथ मनाइने यो पर्व मिथिलानीले सोमबार सुरु गरेका हुन् ।

विवाह भएको वर्ष यो पर्व मिथिलानीले पतिले जुटाइ दिने सर्दाममा माइतमा मनाउने चलन छ । नागनागिन (विषहरा), देवी गौरी र भगवान शङ्करको आराधना र दैनिक कथा श्रवण गरिने यो पर्वमा दिनहुँ एक दिन अगाडि बटुलिएको फूल

- बाँकी पृष्ठ ३ मा

## मधेसमा मानवअधिकार उल्लङ्घनसम्बन्धी ३९ उजुरी दर्ता

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, साउन १८ गते ।*

राष्ट्रिय मानवअधिकार आयोगको मधेश प्रदेश कार्यालय जनकपुरधाममा आर्थिक वर्ष २०८२/८३ मा ३९ वटा मानवअधिकार उल्लङ्घनसम्बन्धी उजुरी दर्ता भएका छन् । नागरिकका आधारभूत अधिकार, महिला तथा बालअधिकार, जातीय भेदभाव, आर्थिक तथा सामाजिक अधिकार र यातनाविरुद्धका विषयमा उल्लेख्य उजुरी प्राप्त भएको आयोगका प्रमुख बुद्धनारायण सहनी केवटले जानकारी दिए ।




नागरिक तथा राजनीतिक अधिकार सम्बन्धीको महासन्धिअन्तर्गत १७, घरेलु हिंसा, लैङ्गिक विभेद, शारीरिक तथा मानसिक यातना, सामाजिक बहिष्कार र महिलामाथि हुने हिंसाका सात वटा उजुरी दर्ता भएका छन् । त्यसैगरी बालबालिकामाथि हुने तीन, जातीय विभेद, सामाजिक बहिष्कार तथा समान व्यवहार नपाएकाको दुई, स्वास्थ्य, शिक्षा, रोजगारी, खाद्य सुरक्षा, आवास तथा सामाजिक सुरक्षाजस्ता आधारभूत सेवामा पहुँच नपाएका आठ र यातनाविरुद्धको अधिकारसम्बन्धी महासन्धिअन्तर्गत तीनवटा उजुरी दर्ता भएका छन् ।

आर्थिक वर्ष २०८२/८३ मा ११० वटा उजुरीको छानबिन तथा अनुसन्धान सम्पन्न गरी अन्तिम निर्णयका लागि आयोगको केन्द्रीय कार्यालय पठाइएको प्रमुख केवटले जानकारी दिए । आयोगले ३७७ वटा उजुरीको विस्तृत छानबिन तथा अनुसन्धान गरिरहेको छ । उजुरीमा सम्बन्धित निकायसँग विवरण माग्ने, पीडित तथा सरोकारवालासँग बयान लिने, घटनास्थल निरीक्षण गर्ने तथा आवश्यक समन्वयात्मक प्रक्रिया अघि बढाइएको छ ।

प्रमुख केवटले आयोगमा धेरैजसो प्रहरीमा जाहेरी दर्ता नभएको, जाहेरी दर्ता भए पनि अनुसन्धान प्रभावकारी नभएको, पीडितले न्याय पाउन कठिनाइ भोगेको, प्रशासनिक निकायबाट समयमै सुनुवाइ नभएको तथा सरकारी सेवामा पहुँचसम्बन्धी समस्या रहेका विषयमा उजुरी आउने गरेको बताए । मधेस प्रदेशमा पछिल्लो समय सामाजिक तनाव, लैङ्गिक हिंसा, जातीय विभेद, प्रशासनिक लापरबाही तथा न्यायमा पहुँचसम्बन्धी समस्याका कारण मानवअधिकारसम्बन्धी गुनासो बढ्दै गएको सरोकारवाला बताउँछन् ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# मधेसको आकांक्षा पूरा गर्ने जिम्मेवारी

जनकपुरधाममा शहीद सञ्जय चौधरी स्मृति प्रतिष्ठानले आयोजना गरेको 'मधेस : अबको बाटो' विषयक अन्तरक्रियामा उठाइएका धारणा केवल एउटा कार्यक्रमका निष्कर्ष होइनन्, मधेसका धेरै नागरिकको लामो समयदेखिको अनुभूति पनि हुन् । मधेस आन्दोलनले समावेशी राज्य, समानुपातिक प्रतिनिधित्व र अधिकार सुनिश्चित गर्ने दिशामा महत्वपूर्ण राजनीतिक परिवर्तन ल्याए पनि ती उपलब्धिको पूर्ण कार्यान्वयन हुन नसकेको गुनासो अझै कायम छ । यो आवाजलाई राज्यले गम्भीरतापूर्वक सुन्नुपर्छ ।

यद्यपि मधेसका आकांक्षाको सम्बोधन राष्ट्रिय हित र राष्ट्रिय एकतालाई थप सुदृढ बनाउने दिशामा हुनुपर्छ । अधिकार, पहिचान र समावेशिताको माग नेपालको संविधानको भावना अनुरूप प्रभावकारी रूपमा कार्यान्वयन हुँदा त्यसको लाभ मधेसलाई मात्र होइन, सिंगो राष्ट्रलाई पुग्छ । त्यसैले शिक्षा, रोजगारी, सुशासन, आर्थिक सशक्तीकरण र सामाजिक न्यायलाई व्यवहारमा उतार्नु आजको प्राथमिकता बन्नुपर्छ ।

यससँगै मधेसको नेतृत्वले पनि आन्दोलनको भावनालाई केवल राजनीतिक नारामा सीमित नराखी विकास, पारदर्शिता र जनउत्तरदायी शासनतर्फ केन्द्रित गर्नुपर्छ । मधेसका युवाले अधिकारसँगै अवसर, गुणस्तरीय शिक्षा, सम्मानजनक रोजगारी र भ्रष्टाचारमुक्त प्रशासन खोजिरहेका छन् । उनीहरूको अपेक्षा पूरा गर्न केन्द्र, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय अपरिहार्य छ । शहीदहरूको बलिदानको सम्मान उनीहरूको नाममा कार्यक्रम आयोजना गरेर मात्र होइन, उनीहरूले देखाएको समानता, न्याय र सम्मानपूर्ण समाज निर्माणको लक्ष्य व्यवहारमा उतारेर हुन्छ । मधेसका आकांक्षालाई राष्ट्रिय हितसँग समन्वय गर्दै कार्यान्वयन गर्न सकिएमा समृद्ध, समावेशी र एकताबद्ध नेपालको आधार अझ बलियो बन्नेछ ।

## राशिफल

मेष - मान-सम्मान पाइनेछ ।
वृष - मित्रताको बन्धन कसिनेछ ।
मिथुन - आनन्द प्राप्त हुनेछ ।
कर्कट - सामान्य फाइदा हुनेछ ।
सिंह - जिम्मेवारी वहन गर्नुपर्ला ।
कन्या - समय प्रतीक्षा गर्नुपर्ला ।
तुला - समाजमा स्थापित बनाउनेछ ।
वृश्चिक - संकल्प पूरा गर्न सकिनेछ ।
धनु - प्रशंसा गर्न थाल्नेछन् ।
मकर - बन्धन कसिलो हुनेछ ।
कुम्भ - मन्दी आउन सक्छ ।
मिन - जग बसाउने मौका छ ।

# सद्भावको दीर्घकालीन बाटो



**टेकेन्द्र जोशी**

*विचार*

कुरा सुरु गरौं, अल्बर्ट आइन्स्टाइनको एउटा बहुचर्चित भनाइबाट - "We cannot solve our problems with the same thinking we used when we created them." अर्थात् हामीले आफ्ना समस्याहरू त्यही सोच प्रयोग गरेर समाधान गर्न सक्दैनौँ, जुन सोच प्रयोग गरेर ती समस्याहरू सिर्जना भएका थिए ।" नेपालको वर्तमान साम्प्रदायिक समस्या समाधानको सन्दर्भमा यो भनाइ अझ सान्दर्भिक देखिन्छ ।

विश्व समुदायले नेपाललाई धार्मिक, भाषिक, जातीय र सांस्कृतिक विविधताले भरिएको देशका रूपमा चिन्ने गरेको छ । यही विविधताले नेपाल र नेपाली समाजको शक्ति निर्माण मात्र गरेको छैन, त्यसलाई अझ बलियो पनि बनाएको छ । यो यथार्थ सबैले आत्मसाथ गर्न आवश्यक छ । नेपालको संविधानले पनि नेपाललाई धर्मनिरपेक्ष, समावेशी र लोकतान्त्रिक गणतन्त्रका रूपमा परिभाषित गरेको छ।

तर पछिल्ला वर्षहरूमा सामाजिक सञ्जाल, राजनीतिक ध्रुवीकरण, धार्मिक पहिचानको राजनीति तथा भूराजनीतिक जटिलताका कारण साम्प्रदायिक तनावका घटनाहरू बढ्दै गएका छन् । कुनै स्थानीय वा व्यक्तिगत विवादबाट सुरु भएको घटना विभिन्न माध्यममार्फत राष्ट्रिय बहसको विषय बन्न पुग्ने प्रवृत्ति देखिएको छ, जुन चिन्ताजनक हो । यस्तो अवस्थामा सरकारले वार्ता, सहमति वा सम्झौतामार्फत तत्काल परिस्थिति नियन्त्रणमा ल्याउने प्रयास गर्नु आवश्यक हुन्छ । तर प्रश्न उठ्छ-के यति मात्रले समस्याको दीर्घकालीन समाधान सम्भव छ ?

यसको उत्तर सहज छैन । सहमति र सम्झौताले तत्कालका लागि तनाव कम गर्न सक्छ, तर त्यसले संरचनागत रूपमा समस्याको स्थायी समाधान गर्न सक्दैन । नेपालको इतिहासमा विभिन्न आन्दोलन, विद्रोह तथा जातीय-क्षेत्रीय सङ्घर्षपछि राज्यसँग पटक-पटक सहमति भएका छन् । तर तीमध्ये धेरैजसो सहमति प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा समस्या पुनः दोहोरिने गरेका छन् । एउटै विषयमा पटक-पटक सहमति गर्ने तर कार्यान्वयन नगर्ने राजनीतिक संस्कृतिले राज्यप्रतिको विश्वास कमजोर बनाएको छ । धार्मिक विविधताले समृद्ध नेपालजस्तो मुलुकमा यस्तो कमजोरी दीर्घकालीन रूपमा जोखिमपूर्ण हुन सक्छ ।

**तथ्यांकीय अवस्था र सद्भाव**

२०७८ सालको राष्ट्रिय जनगणनाअनुसार नेपालमा करिब ८१ प्रतिशत हिन्दु, ८ प्रतिशतभन्दा बढी बौद्ध, करिब ५ प्रतिशत मुस्लिम, करिब ३ प्रतिशत किराँत तथा बाँकी इसाई, प्रकृति पूजक र अन्य धर्मावलम्बी छन् । यी समुदायहरू शताब्दीयौँदेखि सहअस्तित्वका साथ एउटै समाजमा बस्दै आएका छन् । यही कारण नेपाल धार्मिक सहिष्णुताको उत्कृष्ट उदाहरणका रूपमा विश्वसामु परिचित छ । तर पछिल्ला वर्षहरूमा धार्मिक सद्भाव खलबलिने घटनाहरू बढ्दै गएका छन् । लामो समयदेखि मिलेर बसेको नेपाली समाज पछिल्ला वर्षहरूमा किन घृणा र विभाजनको राजनीतितर्फ धकेलिँदै गएको छ भन्ने विषयले गम्भीर अध्ययन र अनुसन्धानको माग गर्दछ ।

**राजनीतिक स्वार्थले भड्काएको सम्प्रदाय**

साम्प्रदायिक तनावको अर्को प्रमुख कारण राजनीतिक स्वार्थ पनि हो । लोकतान्त्रिक समाजमा धार्मिक स्वतन्त्रता सबै नागरिकको मौलिक अधिकार हो । तर धर्मलाई राजनीतिक समर्थन जुटाउने साधन बनाइँदा समाज विभाजित हुन्छ । कुनै पनि राजनीतिक दल वा समूहले आफ्नो प्रभाव विस्तार गर्न धार्मिक भावनाको प्रयोग गर्न थालेमा त्यसले दीर्घकालीन रूपमा राष्ट्रिय एकतालाई कमजोर बनाउँछ ।

नेपालजस्तो संवेदनशील भूराजनीतिक अवस्थिति भएको देशका लागि यस्तो प्रवृत्ति अझ जोखिमपूर्ण हुन्छ । नेपाल दुई ठुला शक्ति राष्ट्र भारत र चीनको बिचमा अवस्थित छ । दुवै देशसँग नेपालको गहिरो आर्थिक, सांस्कृतिक र रणनीतिक सम्बन्ध रहेको छ । दक्षिण एसियामा धार्मिक पहिचानसँग जोडिएका राजनीतिक बहस पनि तीव्र बन्दै गएका छन् । यस्तो अवस्थामा नेपालभित्रको धार्मिक ध्रुवीकरण आन्तरिक विषयमा मात्र सीमित रहँदैन, यसले बाह्य प्रभावलाई समेत आकर्षित गर्न सक्छ । आन्तरिक अस्थिरताले बाह्य हस्तक्षेपका लागि अनुकूल वातावरण सिर्जना गर्न सक्ने भएकाले सरकारले भूराजनीतिक संवेदनशीलतालाई गम्भीर रूपमा बुझ्न आवश्यक छ ।

**विश्वका केही अनुभव**

विश्वका विभिन्न देशका अनुभवले महत्त्वपूर्ण शिक्षा दिएका छन् । श्रीलङ्कामा सिंहली-तमिल तथा धार्मिक ध्रुवीकरणले दशकौँ लामो गृहयुद्ध निम्त्यायो । भारतका विभिन्न स्थानमा समय-समयमा भएका धार्मिक दङ्गाले हजारौँ मानिस प्रभावित भएका छन् । म्यानमारमा धार्मिक तथा जातीय द्वन्द्वले अन्तर्राष्ट्रिय मानवअधिकार सङ्कट सिर्जना गरेको थियो । यी उदाहरणहरूले एउटा स्पष्ट सन्देश दिन्छन्-साम्प्रदायिक तनावलाई सुरुमै संवेदनशील ढङ्गले व्यवस्थापन गर्न नसकिए त्यसको मूल्य राष्ट्रले निकै महँगो तिर्नुपर्छ।

नेपालमा पनि विभिन्न घटनापछि सरकार, स्थानीय प्रशासन र आन्दोलनरत पक्षबिच सहमति भएका छन् । तर तीमध्ये धेरैजसो सहमति तत्कालीन तनाव कम गर्नमा मात्र सीमित भएको देखिन्छ ।

कार्यान्वयनका लागि स्पष्ट समय सीमा, कानुनी संयन्त्र, प्रभावकारी अनुगमन र सार्वजनिक जबाफदेहिताको अभाव हुँदा ती सहमतिहरू निष्क्रिय बन्दै गएका छन् । सहमति गरेर फाइल बन्द गर्ने संस्कृतिले समस्या समाधानभन्दा बढी समस्या थाती राख्ने काम गरेको आलोचना हुँदै आएको छ ।

**यसरी गर्न सकिन्छ न्यूनीकरण**

दीर्घकालीन समाधानका लागि राज्यले केही आधारभूत क्षेत्रमा गम्भीरतापूर्वक काम गर्नुपर्छ । कानुन सबै नागरिकका लागि समान रूपमा लागू हुनुपर्छ । धर्म, जात, भाषा वा राजनीतिक पहुँचका आधारमा कानुनी व्यवहार फरक देखिएमा समाजमा अन्यायको भावना बढ्छ । घृणात्मक अभिव्यक्ति, हिंसात्मक उक्साहट र झुटा सूचनाविरुद्ध प्रभावकारी कानुनी व्यवस्था तथा निष्पक्ष कार्यान्वयन आवश्यक छ । अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै हिंसा भड्काउने गतिविधिलाई भने स्पष्ट रूपमा नियन्त्रण गर्नुपर्छ ।

विद्यालयदेखि विश्वविद्यालयसम्म नागरिक शिक्षा, धार्मिक सहिष्णुता र संवैधानिक मूल्यबारे प्रभावकारी पाठ्यक्रम आवश्यक छ । सहिष्णु समाज कानुनले मात्र होइन, शिक्षाले पनि निर्माण गर्छ । विभिन्न धार्मिक समुदायबिच नियमित संवाद, संयुक्त सामाजिक कार्यक्रम तथा स्थानीय तहमा अन्तर धार्मिक समन्वय संयन्त्र स्थापना गरिनुपर्छ। एक अर्कालाई चिन्ने र बुझ्ने अवसर बढ्दै जाँदा अविश्वास स्वतः कम हुँदै जान्छ ।

सामाजिक सञ्जालको जिम्मेवार प्रयोग आजको सबैभन्दा ठुलो चुनौती बनेको छ । एउटा झुटो सूचना केही मिनेटमै लाखौँ मानिससम्म पुग्न सक्छ । त्यसैले तथ्य परीक्षण गर्ने संयन्त्र बलियो बनाउनु, डिजिटल साक्षरता बढाउनु तथा जिम्मेवार सञ्चार संस्कृतिलाई प्रोत्साहन गर्नु अपरिहार्य भएको छ । सञ्चारमाध्यमहरूले पनि सनसनीभन्दा तथ्यमा आधारित पत्रकारितालाई प्राथमिकता दिनुपर्छ ।

राज्यले सुरक्षा निकायको भूमिका पनि सन्तुलित बनाउनुपर्छ । अत्यधिक बल प्रयोगले असन्तुष्टि बढाउन सक्छ भने कानुन कार्यान्वयनमा कमजोरीले दण्डहीनताको सन्देश दिन्छ । त्यसैले सुरक्षा र मानवअधिकारबिच उचित सन्तुलन कायम गर्नु लोकतान्त्रिक राज्यको दायित्व हो ।

नेपालको संविधानले सबै धर्म, संस्कृति र समुदायको सम्मान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । त्यसैले कुनै पनि समुदायले आफूलाई असुरक्षित महसुस गर्नुपर्ने अवस्था आउनु लोकतान्त्रिक राज्यका लागि सकारात्मक सङ्केत होइन । राज्यले सबै नागरिकलाई समान सुरक्षा, समान अवसर र समान न्यायको अनुभूति गराउन सके मात्र धार्मिक सद्भाव दीर्घकालीन रूपमा बलियो बन्न सक्छ ।

अन्त्यमा,साम्प्रदायिक तनावको समाधान वार्ता वा सहमतिमा मात्र सीमित हुन सक्दैन । सहमति आवश्यक छ, तर त्यो कार्यान्वयन हुने राजनीतिक इच्छाशक्ति, कानुनी शासन, निष्पक्ष प्रशासन, गुणस्तरीय शिक्षा, जिम्मेवार सञ्चार तथा सामाजिक विश्वास निर्माणसँग जोडिएपछि मात्र प्रभावकारी हुन्छ । अन्यथा विगतका धेरै सहमतिहरूझैँ नयाँ सम्झौताहरू पनि केही समयपछि अभिलेखका फाइलमै सीमित हुनेछन् ।

आजको सबैभन्दा ठुलो प्रश्न यही हो-के वर्तमान सरकारले विगतका कमजोरीबाट पाठ सिकेर सहमतिलाई व्यवहारमा उतार्ने नयाँ राजनीतिक संस्कृतिको सुरुआत गर्न सक्छ? यदि सक्छ भने नेपालले आफ्नो बहु धार्मिक र बहु सांस्कृतिक पहिचानलाई अझ मजबुत बनाउन सक्छ । यदि सक्दैन भने सतहमा देखिने शान्तिभित्र असन्तुष्टि, अविश्वास र ध्रुवीकरणको आगो सल्किरहने जोखिम रहिरहन्छ । त्यसैले अहिलेको आवश्यकता केवल तत्कालको तनाव व्यवस्थापन होइन, भविष्यका पुस्तासमेत सुरक्षित रहने गरी सामाजिक सद्भाव र राष्ट्रिय एकताको दिगो आधार निर्माण गर्नु हो ।

# अमेरिकासँग कुनै वार्ता नभइरहेको इरानको स्पष्टीकरण

एजेन्सी

*तेहरान, साउन १८ गते ।*

इरानले अमेरिकासँग कुनै पनि प्रकारको वार्ता भइरहेको वा निकट भविष्यमा कुनै बैठक तय नभएको स्पष्ट पारेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबारदेखि दुवै देशबीच वार्ता सुरु हुने दाबी गरेको केही घण्टापछि इरानी विदेश मन्त्रालयले यस्तो प्रतिक्रिया दिएको हो । राष्ट्रपति ट्रम्पले आइतबार अमेरिकी राष्ट्रपति विमान 'एयर फोर्स वन'मा पत्रकारहरूसँग कुरा गर्दै इरानमाथि योजना बनाइएको ठूलो सैन्य आक्रमण अन्तिम समयमा स्थगित गरिएको बताएका थिए । उनले आफू युद्धभन्दा सम्झौतालाई प्राथमिकता दिने भन्दै इरानसँग वार्तामार्फत समाधान खोज्न चाहेको बताएका थिए ।

ट्रम्पले भनेका थिए, "म मानिसहरू मार्न चाहन्नँ । अहिले हामी वार्ताको माध्यमबाट समाधान खोजिरहेका छौँ, र यो सोमबार दिउँसोबाट सुरु हुन्छ ।" उनले वार्ता कहाँ हुने, त्यसमा को-को सहभागी हुने वा कुन तहमा छलफल हुने भन्नेबारे भने कुनै जानकारी दिएका थिएनन् । तर इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघेईले ट्रम्पको दाबीलाई अस्वीकार गर्दै अमेरिकासँग कुनै वार्ता नभइरहेको र कुनै बैठक पनि तय नगरिएको स्पष्ट पारे । इरानले निकट भविष्यमा कुनै विदेशी प्रतिनिधिमण्डललाई स्वागत गर्ने वा आफ्ना वार्ताकारलाई विदेश पठाउने योजना पनि नरहेको उनले बताए । बाघेईका अनुसार इरानका सबै वार्ताकार अहिले देशभित्रै छन् । विदेशमन्त्री अब्बास अराघची भने धार्मिक तीर्थयात्राका लागि इराकमा रहेका छन् । हाल भइरहेको एकमात्र औपचारिक वार्ता ओमानसँग स्ट्रेट अफ होर्मुजमा जहाजहरूको सुरक्षित आवागमनका लागि अस्थायी समुद्री मार्ग निर्माणसम्बन्धी रहेको उनले बताए । अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्ससँग कुरा गरेका एक वरिष्ठ इरानी अधिकारीले पनि अमेरिकासँग कुनै वार्ताको तयारी नभएको पुष्टि गरेका छन् । उनका अनुसार विदेशमन्त्री अराघची कम्तीमा यस साताको अन्त्यसम्म कुनै कूटनीतिक वार्तामा सहभागी हुने अवस्थामा छैनन् ।

## कप्तानगञ्जमा झिल्को...

विना कारण पीडामा छन् । यी नागरिकहरू न कहिल्यै हिन्दु धर्म भनेर दौडिएका थिए, न मुस्लिम हुनुको अतिरिक्त अनुराग ।

तर यो अराजकताको आगो किन र कसले यसरी झोस्यो र फैलायो, प्रश्न भने छ ।

हामी सुनसरीको देवानगञ्ज गाउँपालिका कप्तानगञ्जबाट कोशी गाउँपालिका स्थित कोशी कटान क्षेत्र हुँदै सिरहाको गोलबजारसम्म करिब १ सय २५ किलोमिटर यात्रा गर्दा आगोका लप्काले सखाप पारेका निर्दोष मान्छेका घर र पसलहरू छिर्दै छिर्दै आएका थियौं ।

जसै सुनसरीको कोशीकटान पुग्यौं, स्थानीय सरजुग कुमार गोइत डढेर खरानी भएको पसल हेरेर टोलाइरहेका थिए । कप्तानगञ्जको घटनासित कुनै साइनोसम्बन्ध नभएका सरजुगको ८ वर्षदेखिको रोजीरोटी क्षणभरमै खरानी भयो । 'एक्कासी सय दुईजना युवाहरू यो हिन्दुको पसल हो बाँकी राख्न हुन भनेर आएर आगो लगाउन थाले, हामी पछाडिबाट भागेर घर पुग्यौं,' उनले भने, 'भोलिपल्ट फर्किंदा पसल बाँकी नै थिएन ।'

उनले आफू कहिँ कतै नजोडिएको विषयमा पनि मान्छेहरूले किन त्यसरी धर्मका नाममा अपराध गरेका होलान् भनेर उल्टै हामीलाई सोधे । खैर,यसको जवाफ न तपाईंसँग छ, न हामीसँग । त्यस आगलागीमा सरजुगको करिब ३ करोड नोक्सानी भएको छ । अब यो नोक्सानीको कसले कहाँबाट भर्पाई गर्ने हो उनलाई थाहा छैन । 'प्रशासनले घटनाको मुचुल्का त उठाएर गएको छ,' उनले भने, 'तर मेरो त आजैदेखि रोजिरोटी गुम्यो नि ।' सिंगो परिवार त्यही पसलको भरमा चलाएका सरजुग भक्कानिँदै गर्दा उनका स-साना तीन छोराछोरी र श्रीमतीले एकटकले उनलाई हेरिरहे ।

त्यसरी आगो झोस्न आउनेहरू अहिलेसम्म पक्राउ नपरेकोमा पनि सरजुग चिन्तित छन् । 'हाम्रो गाउँमा हिन्दु पनि छन् मुस्लिम पनि छन् । हामी त कहिल्यै अलग-अलग भएर हुर्किएनौं,' उनले भने, 'आज यो के परिस्थिति आइलाग्यो हिजोसम्म विश्वास गरेका छरछिमेकीलाई आज शंकाले हेर्न परिरहेको छ ।' साम्प्रदायिक द्वन्द्वको संवेदनशीलता तीनै तहको सरकारले सुरूमै बुझेर पहलकदमी लिन चुक्दा कप्तानगञ्जको खबर साउन ११ गते बिहानसम्म डढेलोसरी फैलिइसकेको थियो । त्यो भन्दा तेज गतिमा थियो घृणाको आगो र विल्कुल सुस्त थियो राज्यको तदारूकता ।

साउन १४ गते त घटनाहरू यति उग्र बन्दै गए कि, सबैभन्दा ठूलो मारमा पऱ्यो, सिरहाको गोलबजार । स्थानीय रामप्रताप रामप्रसाद तामाङ जनता बहुमुखी क्याम्पस अघिल्तिर प्रहरीको गोली लागेर १५ वर्षका गणेश यादवको मृत्यु भयो । उनको मृत्यु भएपछि भिड झन् आक्रोशित भयो ।

गोलबजार आगोको मुस्लोले भरियो । मुस्लिम समुदायका पसलहरूमा खोजिखोजी आगजनी हुन थाल्यो, पार्किङमा राखिएका गाडी र मोटरसाइकलहरू जलाइयो । परिस्थिति भयावह बन्यो । त्यसैको मारमा परे साबिर खान ।

गोलबजारमा उनको आइरन स्टोर्स राम्रै चलिरहेको थियो । पुर्ख्यौली जग्गाजमिन बेचेर, ऋणपान गरेर जेजित गरेका थिए उनले पसलकै निमित्त गरेका थिए । पसलले उनको जिविकोपार्जन त भएकै थियो, स्थानीयले रोजगारी पनि पाएका थिए ।

तर उत्तेजित र अराजक भिडले खानको पसलमा आगो झोस्यो, प्रशासनले दमकल लगेन । उनको पसलमा आगो लागेको चार दिनपछि हामी पुग्दासम्म पनि पसलबाट धुवाँ पुत्ताइरहेको थियो । उनका साथीहरूले सकिनसकी ढाढस दिइरहेका थिए ।

'२० वर्षको मेहनतले बनाएको पसल एक घण्टामै नष्ट पारिदिए,' साबिरले भने, 'अब गाउँमा घर पनि छैन, गोलबजारमा पसल पनि छैन । प्रशासनले गोली चलायो, हामीमाथि हिन्दु-मुस्लिमको बात लाग्यो ।'

उनलाई सान्तवना दिन त्यहाँ पुगेका उनका धेरै साथी त हिन्दु नै थिए । उनको आँसुमा सँगै आँसु बगाउने हिन्दु नै थिए । तर आगो झोस्ने अराजकहरू को थिए उनलाई थाहा छैन ।

'यो न हिन्दुको घर हो, न मुसलमानको,' साबिरले एकदमै कडा राग छोडेर धुँइपत्ताल पुत्याइरहेको आगोको लप्कातिर संकेत गरे, 'यो इन्सानको घर हो इन्सानको, कसले साजिस रच्यो ?'

अनलाइनखबार

## बाइढके ताण्डव स तवाह छी...

हो । जिल्लामा अधिकांश खेती आकासे पानीको भरमा गर्नुपर्दा किसान बर्सेनि सास्ती खेप्न वाध्य छन् ।

'धानलाई त रोप्नदेखि गाँजिन र पोटाउने बेलासम्मै पानी चाहिन्छ,' बर्दिबास-७ का किसान निरबहादुर खत्री भन्छन्, 'मोटर र पम्पसेटबाट तानिएको पानीले कति धान्नु ?'

किसानहरूका अनुसार पछिल्ला वर्षमा जलवायु परिवर्तनले खेती झन् अनिश्चित बनेको छ । कहिले लामो खडेरी, कहिले असमयको वर्षाले पाक्न लागेको बाली नै नष्ट गर्ने क्रम बढेको उनीहरूको अनुभव छ ।

'गत बर्खक याद करु न... सब दहागेल, मुहपर आयल बाली स हात धोब परल ।' जलेश्वर-५ का किसान रहिमन मण्डलको यो भनाइले महोत्तरीका हजारौं किसानको साझा पीडा बोल्छ ।

खेतीपातीमा सरकारी बेवास्ता, आधारभूत तहका किसानसम्म सहुलियत नपुग्नु , सिँचाइ र बीउ तथा मलखाद समयमा नपाउनुले अब खेती गरेर उभो लागिन्छ भन्ने आस किसानले मार्दै गएका छन् ।

'सरकारी कुनै भरथेग हामी गरिब किसानसम्म आइपुग्दैन, न सिँचाइको प्रबन्ध छ, न बीउ, मल समयमा पाइन्छ, न कृषि जनशक्ति नै छ' विरक्ति पोख्दै बर्दिबास-९ पशुपतिनगरका ६५ वर्षीय किसान महेन्द्र महतो भन्छन्, 'अब हामी किसानले झोलीतुम्बा लिने बेला भएको छ ।'

किसानको गिर्दो मनोवल उकास्न र खेतीमा उत्प्रेरित गर्न अब तीनै तहका सरकारले योजनाबद्ध काम अघि बढाउन आवश्यक रहेको किसानसम्बद्ध सङ्घसंस्थाका प्रतिनिधि बताउँछन् ।

'कृषिक्षेत्र उकास्न व्यवहारिक र वैज्ञानिक नीति नै अवलम्वन हुन सकेको छैन' अखिल नेपाल किसान महासङ्घका केन्द्रीय सदस्य लक्ष्मण महतो भन्छन्, 'भएका सहुलियत पनि आधारभूत तहका किसानमा नपुगी टाठाबाठाले कुम्ल्याउँछन् ।'

यो अवस्थाले खेती उक्सन नसकेको महतोको ठम्याइ छ ।

यो अवस्था अन्त्यका लागि मुख्यत स्थानीयतहहरुले किसानको लगत सङ्कलन गरेर प्रत्येक वर्ष बस्तीबस्तीका किसानलाई उत्प्रेरित गर्ने योजना बन्न पर्ने यस क्षेत्रका अगुवा बताउँछन् ।

## मधुश्रावणी पर्व...

इष्टदेवलाई चढाउने गरिन्छ । दिनहुँ सखीसहेलीसाथ गीत गाउँदै फूल खोज्ने विधिलाई 'फूललोढी' भनिन्छ ।

यो पर्व पतिपत्नीबीच सुमधुर सम्बन्धको मङ्गल कामनासाथ मनाइने पाका मिथिलानी बताउँछन् ।

पर्व मनाउन माइत पुग्ने परम्पराबीच सखीसहेलीबीच भेटघाट, हासपरिहास र वैवाहिक जीवनको अनुभव साझा गर्ने अवसर पनि हुने गरेको यसपाली पर्व मनाउन माइत पुगेकी महोत्तरी-६ गोरिगमाकी प्रीति महतो बताउँछिन् ।

मधुश्रावणी मिथिलाको साँस्कृतिक र पारम्परिक पर्व मानिन्छ । पर्वमा पाका मिथिलानीले विधिविधानबारे मार्ग निर्देश गर्दछन् । पर्व टुङ्गिने दिनअघिको रातमा बर्तालुलाई घुँडामा बत्ती राखेर 'टेमी' दिने चलन छ । यसरी 'टेमी' दिइँदा बलेको बत्तीले डाम्दा उठ्ने फोका पतिपत्नीबीच प्रगाढ सम्बन्धको प्रतीक मानिन्छ । पछिल्ला वर्षहरुमा नयाँ पुस्ताका मिथिलानीले बलेको बत्तीको साटो शीतल चन्दनले लेप गरेर 'टेमी' दिइने चलन बसेको छ ।

सूचना, समाचार र मनोरञ्जनका लागि
**सामुदायिक रेडियो दर्पण**
**८८.४ मेगाहर्ज**
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
समाचार, विज्ञापन, सल्लाह
सुझाव र प्रतिक्रियाको लागि
सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८



कालिकामाई गाउँपालिका
हरिहरपुरविर्ता, पर्सा, मधेश प्रदेश

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान
**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**
बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६
**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan),
MPH(USA, Dhaka)
डाक्टर भेटने समय : प्रत्येक दिन बिह(
न ९ बजेदेखि साँझ ५
बजेसम्म

**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# मधेसमा चहलपहल बढ्दै

**राष्ट्रिय समाचार समिति**

*जनकपुरधाम, साउन १८ गते ।*

अशान्त मधेस प्रदेशमा क्रमशः चहलपहल पढ्दै गएको छ । सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा साउन १० गते भएको गोलीकाण्डमा गणेश यादवको मृत्यु भएपछि बिहीबारदेखि मधेस प्रदेश तनावग्रस्त बनेको थियो । गत शुक्रबार गृहमन्त्री सुधन गुरुङ र पीडित परिवारबीच लिखित सम्झौता भएपश्चात् मधेस प्रदेशमा लयमा फर्किन थालेको हो ।

धनुषा, सिरहा र सप्तरीका केही क्षेत्रमा स्थानीय प्रशासनले जारी गरेको कर्फ्यु तथा निषेधाज्ञा हटेको छ । उक्त स्थलमा यातायातका साधन सञ्चालन हुनाका साथै बजार सञ्चालनमा आएको छ ।

स्थानीय विनोद साहले यातायात सेवा सञ्चालनमा आएको र जनजीवन सामान्य बन्दै गएको बताए । सम्बन्धित जिल्लाका स्थानीय प्रशासनले अफवाहमा विश्वास नगर्न र सामाजिक सद्भाव कायम राख्न सबै पक्षलाई सूचना जारी गर्दै आग्रह गरेको छ ।

# शिक्षा विभाग ब्युँताइयो




**काठमाडौं** : शिक्षा तथा मानव स्रोत विकास केन्द्रको नाम फेरि शिक्षा विभाग नै बनाइएको छ । शिक्षा मन्त्रालयका सचिव चुडामणि पौडेलका अनुसार शिक्षा विभाग नै कायम गरिएको हो ।

'ऐनमा अहिले पनि शिक्षा विभाग नै थियो । यसपटक ओएनम गर्दा शिक्षा विभाग राखिएको हो,' उनले भने ।

वेब साइटमा पनि नाम परिवर्तन गरी हाल शिक्षा विभाग उल्लेख गरिएको छ । १ साउन २०७५ सालदेखि तत्कालीन शिक्षा विभागको नाम परिवर्तन गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र बनाइएको थियो ।

स्थलगत

# कप्तानगञ्जमा फिल्को, गोलबजारमा डढेलो

**द पब्लिक टुडे समाचारदाता**

*सिरहा, साउन १८ गते ।*



'अब बिस्तारै पसल खोल्न पाए हुन्थ्यो ।' देवानगञ्ज गाउँपालिका-४ कप्तानगञ्जका ६१ वर्षीय ओमप्रसाद मेहता सुस्तरी बोले । 'हो, अब जे हुनु भइहाल्यो,' २२ वर्षका अंकित मेहताले सही थपे ।

कप्तानगञ्जका नागरिकको जीवन या त खेतीपातीबाट चल्छ, कि त व्यापारबाट । ओमप्रसादले व्यापार रोजेका हुन् । घर नजिकैको बजारमा थापेको किराना पसल उनको आम्दानीको स्रोत हो, कप्तानगञ्जबासीका लागि सुविधाको माध्यम ।

'मेरो पसलमा नुन तेल,दाल चामल सबै मिल्छ,' उनले आफ्नो पसलको बन्द सटरलाई यस्सो हेरे । तर ओमप्रकाशलाई अब कहिले पसल खोल्न मिल्छ, त्यो भने थाहा छैन ।

उनलाई अब फेरि उसैगरि पसल खोल्न मिल्छ कि मिल्दैन त्यो पनि थाहा छैन । थाहै छैन, ओमप्रसादलाई उनको किराना पसलमा उनै पुराना ग्राहक आउलान् कि नआउनलान्? पुराना खाताहरू उसैगरि पल्टेलान् कि नपल्टेलान् ? पुराना नाताहरू उस्तै आत्मीय होलान् कि नहोलान् ? 'रहर त छ नि,' ओमप्रसादले भने, 'तर राज्यले हामीहरूको घाउ पुरिदेओस् ।'

साउन ११ गते प्रशासनको गोली लागेर कप्तानगञ्जका दुई युवा ओमप्रकाश मेहता र जयप्रकाश मेहताको निधन भयो । स्थानीय बासिन्दा झन् आक्रोशित भए, दुई दिनसम्म शव उठेन । गत बिहीबार गृहमन्त्रीसँग सहमति भएपछि भने स्थानीयले शवको सदगत् गोली लागेर ढलेकै ठाउँमा गरे ।

उनीहरूको सम्झनामा चोकमा फोटोहरू टाँसे, शोकमा बजारको सटर बन्द गरिदिए । ओमप्रकाशले पनि छरछिमेकी र गाउँलेहरूले जसोजसो गरे, उसैउसै पछ्याए । कप्तानगञ्जमा सन्नाटा छायो, उनको मनमा उकुसमुकुस ।

'न त हिन्दु न मुस्लिम यहीका मान्छेहरू मेरो पसलका ग्राहक हुन्,' उनी भन्छन्, 'अब फेरि त्यो दिन छिट्टै आओस् ।'

'अब छिट्टै त्यही दिन आओस्,' देवानगञ्ज गाउँभरीका किसानका घरघरमा पुगेर खसीबाख्रा किन्ने र बिराटनगर पुऱ्याएर बेच्ने जाबिर आलाम भन्छन्, 'अब काम नगरे भोकभोकै मर्ने अवस्था छ ।'

साउन साउन ११ गते यता एकाएक फेरिएको दैनिकी अहिले दुई पक्षजस्तै बनेका कम्तानगञ्जबासीलाई सकसपूर्ण भइरहेको छ । 'यहाँको घटनाले देशैभरी दुईवटा समूहजस्तै देखियो,' स्थानीय सुनितादेवी मेहताले भनिन्, 'यहाँ जान्नेसुन्नेहरूले बेलैमा पहल गरेको भए, हाम्रो पीडा अन्तसम्म फैलिने थिएन होला ।'

हुन पनि साउन ११ गते कप्तानगञ्जमा दुई युवाको निधन भएपछि आक्रोशको आगो हावाभन्दा तीव्र बेगमा पश्चिमतर्फ सर्दै-सर्दै आयो । हानी नोक्सानीलाई बलशाली मान्ने भिडले छानीछानी पसलहरू जलाउन थाले, आक्रमण गर्न थाले, आतंक मच्चाउन थाले । जहाँ जसको धेरै शक्ति छ उसैले कमजोरमाथि प्रहार गर्न थाल्यो ।

प्रहरीको गोली लागेर ढलेका युवाहरूका शोकमग्न घर होउन् या अराजक भिडले आगो झोस्दा विलखबन्दमा परेको परिवार

- बाँकी पृष्ठ ३ मा

# २५ वर्षपछि 'राष्ट्रिय यातायात नीति' लागू

**द पब्लिक टुडे समाचारदाता**

*काठमाडौं, साउन १८ गते ।*




सरकारले करिब २५ वर्षपछि राष्ट्रिय यातायात नीति संशोधन गर्दै कार्यान्वयनमा ल्याएको छ । पूर्वाधार विकास मन्त्रालयले उक्त नीति संशोधन गर्दै 'राष्ट्रिय यातायात नीति, २०८३' जारी गरेको हो । उक्त नीतिले एकीकृत यातायात प्रणालीको विकासमार्फत दिगो, सर्वसुलभ, पहुँचयोग्य, सुरक्षित, हरित तथा प्रविधिमैत्री यातायात प्रणाली निर्माण गर्ने लक्ष्य लिइएको जनाएको छ । मन्त्रालयका अनुसार नयाँ नीतिले सडक, रेल, जलमार्ग र हवाई यातायातबीच समन्वय कायम गर्दै आधुनिक तथा प्रभावकारी यातायात प्रणालीको विकासलाई प्राथमिकता दिएको छ । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले सार्वजनिक यातायातको गुणस्तर सुधार, सडक सुरक्षामा अभिवृद्धि, वातावरणमैत्री प्रविधिको प्रयोग तथा डिजिटल प्रणालीको विस्तारलाई नीतिले जोड दिएको जानकारी दिए ।

सरकारले बदलिँदो प्रविधि, बढ्दो सहरीकरण, जलवायु परिवर्तन र दिगो विकासका लक्ष्यलाई मध्यनजर गर्दै करिब २५ वर्षपछि यातायात नीतिलाई परिमार्जन गरी नयाँ कार्यान्वयनमा ल्याइएको जनाएको छ ।

# अग्रगामी मोर्चा घोषणा गर्ने सात राजनीतिक दलको निर्णय

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, साउन १८ गते ।*

सातवटा साना राजनीतिक दलहरूले अग्रगामी मोर्चा घोषणा गर्ने भएका छन् । सोमबार भएको छलफलपछि उनीहरू अग्रगामी मोर्चा घोषणाको तयारीमा जुटेका हुन् ।

जनमत पार्टीका अध्यक्ष डा. सीके राउतका अनुसार, २३ साउनमा साना सात दलले मोर्चा घोषणा गर्ने जानकारी दिएका छन् । उनका अनुसार नयाँ बानेश्वरको थापागाउँस्थित काठमाडौं बैंकेटमा मोर्चा घोषणा हुने तय भएको छ ।

मोर्चामा जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, आम जनता पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाललगायतका पार्टीहरू आबद्ध रहेका छन् । सोमबार जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक जनार्दन शर्मा, जनमत पार्टीका अध्यक्ष डा. सीके राउतसहितका नेताहरू छलफलमा जुटेका थिए । ललितपुरमा भएको छलफलमा आम जनता पार्टीका अध्यक्ष प्रभु शाह, जसपा नेपालका नेता जितेन्द्र सोनल पनि सहभागी थिए ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादकः सन्तकुमार क्षेत्री